आज मिति २०८३/०४/२६ गते यस हुम्ला जिल्लाका प्रमुख जिल्ला अधिकारी ज्यूको अध्यक्षतामा र जिल्लाका स्थानिय तहका निर्वाचित जनप्रतिनिधिहरु लगायत तपसिल बमोजिमका महानुभावहरुको उपस्थितिमा जिल्ला प्रशासन कार्यालय, हुम्लामा बैठक बसि निम्न अनुसारको निर्णयहरु गरियो।

## तपसिल

### क. उपस्थिति

| | | |
|---|---|---|
| श्री भोलानाथ गुरागाईं | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, हुम्ला |
| श्री विजय भण्डारी | अध्यक्ष | सिमकोट गाउँपालिका |
| श्री कर्ण बहादुर रावल | अध्यक्ष | खार्पुनाथ गाउँपालिका |
| श्री तकदिर लामा | उपाध्यक्ष | नाम्खा गाउँपालिका |
| श्री शंकर खड्का | प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, हुम्ला |
| श्री नन्द बहादुर साउद | सशस्त्र प्रहरी नायव उपरीक्षक | सशत्र प्रहरी बल, नं. ४४ गुल्म, हुम्ला |
| श्री ~~मेघ~~ राज कँडेल | प्रमुख ~~वरिष्ठ~~ अनुसन्धान अधिकृत | हुम्ला जिल्ला अनुसन्धान कार्यालय |
| श्री चन्द्रविर शाही | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, हुम्ला |
| श्री प्रकाश रावत | उपाध्यक्ष | उद्योग वाणिज्य संघ, हुम्ला |
| श्री सुरेश परियार | उपाध्यक्ष | पत्रकार महासंघ हुम्ला |
| श्री जनक शाही | ~~संस्थापक~~ निर्देशक | सामुदायिक रेडियो कैलाश एफ.एम., हुम्ला |
| श्री बेलुमाया महतारा | प्रतिनिधि | रेडियो कर्णाली आवाज, हुम्ला |
| श्री धन बहादुर भण्डारी | प्रतिनिधि | रेडियो मानसरोवर, हुम्ला |
| श्री चुडामणी पन्त | कार्यालय प्रमुख | कृषि विकास कार्यालय, हुम्ला |
| श्री अर्जुन राज जोशी | कार्यालय प्रमुख | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, हुम्ला |
| श्री डा. नविन पौडेल | कार्यालय प्रमुख | पशु अस्पताल तथा पशु सेवा कार्यालय, हुम्ला |
| श्री ~~कमल सवत~~ पविता रावल | पशु ~~कृषि~~ प्राविधिक | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, हुम्ला |
| श्री | | |

ख) निर्णयहरु:

१. हुम्ला जिल्लामा उत्पादित स्याउ जिल्ला बाहिर निर्यात गर्दा रसयुक्त गुणस्तरिय स्याउको निर्यातको लागि २०८३ सालको उपयुक्त समय भाद्र महिनाको पहिलो साता भन्दा पछि मात्र हुने भएकाले कृषि प्राविधिकको सल्लाह अनुसार स्याउको जात लगाएको स्थान र गुलियोपनाको आधारमा पाकेको स्याउ निर्यातको लागि कृषि विकास कार्यालयले एक सूचना प्रकाशन गरी जिल्लाका सबै पालिका, कृषि उद्यमी र स्याउ व्यापारीलाई जानकारी दिने र उक्त विषयको सूचना कार्यान्वयनको लागि सम्पूर्ण सरोकारवालाहरु (जिल्लाका सबै पालिका, कृषि उद्यमी र स्याउ व्यापारी) ले आवश्यक सहयोग गर्ने।

२. स्याउ निर्यातका लागि सिफारिस गर्दा गुलियोपना प्रमाणिकरणका आधारमा सम्बन्धित पालिकाका कृषि विकास शाखाले तोकिएको फर्मेटमा सिफारिस गर्ने/गराउने साथै साउनमा पाक्ने जातको हकमा प्राविधिकको सिफारिसका आधारमा निर्यात गर्न सक्ने।

३. स्याउको गुलियोपना जाँचिने रिफ्याक्ट्रोमिटरका लागि सम्बन्धित पालिकाका कृषि विकास शाखा र कृषि विकास कार्यालयले व्यवस्थापन गर्ने ।

४. स्याउ निर्यात गर्दा कृषि प्राविधिकको सिफारिस अनिवार्य हुनुपर्ने, यदि काँचो स्याउ बेचेको भेटिएमा उक्त स्याउ नियन्त्रण गरी सम्बन्धित पक्षलाई नै भण्डारण गर्न लगाई पुनः परिक्षण गरेर मात्र निर्यात गर्ने व्यवस्था कार्यान्वयन गर्ने/गराउने र सो कार्य गर्न जिल्लाको निर्यात बिन्दु ताजाकोट गा.पा-१ को मैला कुवाडी नाका र चंखेलीको दार्मा नाकामा कार्यरत नेपाल प्रहरीबाट आवश्यक सहयोग र समन्वय गर्ने/गराउने ।

५. व्यावसायिक प्रयोजनका लागी कृषकलाई आवश्यक पर्ने स्याउ कार्टुन (कार्टुनमा केहि उल्लेख नभएको वा हुम्ला जिल्लाको परिचय उल्लेख भएको मात्र प्रयोग गर्न पाईने) कृषकको माग बमोजिम कृषि विकास कार्यालय, हुम्ला वा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई कार्यालय, हुम्लाले उपलब्ध गराउने ।